**अनुसूची- ३**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

हेलम्बु गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः १० मितिः २०८१/०८/१७

**भाग २**

**हेलम्बु गाउँपालिका**

**बागमती प्रदेश, हेलम्बु**

गाउँ कार्यपालिकाबाट पारित मितिः २०८१।०८।१७

## “घ” वर्गको निर्माण व्यवसायी इजाजत-पत्र सम्बन्धी (संशोधित) कार्यविधि,२०७५ लाई संशोधन गर्न बनेको कार्यविधि, २०८१

**प्रस्तावनाः**

“घ” वर्गको निर्माण व्यवसायी इजाजत-पत्र सम्बन्धी (संशोधित) कार्यविधि,२०७५ लाई संशोधन गर्न लाई वाञ्छनीय भएकोले हेलम्बु गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम “घ” वर्गको निर्माण व्यवसायी इजाजत-पत्र सम्बन्धी (संशोधित) कार्यविधि,२०७५ लाई संशोधन गर्ने कार्यविधि, २०८१” रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **“घ” वर्गको निर्माण व्यवसायी इजाजत-पत्र सम्बन्धी (संशोधित) कार्यविधि,२०७५ को दफा ३ मा संशोधानः** मूल कार्यविधिको दफा ३ को,-

(१) उपदफा (३) मा रहेको “३ वर्ष” शब्दको सट्टा “५ वर्ष” राखिएको छ।

३. **“घ” वर्गको निर्माण व्यवसायी इजाजत-पत्र सम्बन्धी (संशोधित) कार्यविधि,२०७५ को दफा ३ को उपदफा (५) मा थपः**

(१) अन्यत्र गाउँपालिका/नगरपालिका/जिल्लामा स्थायी ठेगाना भई यस गाउँपालिकामा कार्यालय स्थापना गरेर व्यवसाय सञ्चालन गरी रहेको व्यवसायीहरुले आफ्नो नामको घर जग्गा वा भाडा सम्झौता पेश गरेको अवस्थामा निजको नाममा “घ” वर्गको निर्माण व्यवसायी इजाजत-पत्र प्रदान गर्न सकिने छ। यस पूर्व दर्ता भएका वा जारी भएका प्रमाणपत्र समेत यसै बमोजिम जारी भएको मानी नवीकरण गरिनेछ।